थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद सम्बन्धि पुनः इ-सिलबन्दी दरभाउपत्र आव्हान

**सूचना नं.:- ६६/२०८०/८१** **प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२५ गते।**

यस थबाङ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको लागि नियमित आधारभूत सेवा प्रवाह गर्न, आ.व. २०८०/८१ को स्वीकृत नेपाल सरकार सशर्त अनुदान एवं पालिका निशर्त कार्यक्रमअनुसार आधारभूत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य मालसामानहरु स्थानीय तहको खरिद वर्गीकरण जिम्मेवारी बमोजिम **आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद इ-शिलबन्दीबाट** खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका मेडिसिन सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिम शर्तहरुको अधिनमा रहि रित पूर्वकको इ-शिलबन्दी सूचना आव्हान गरिएको छ।

१) दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा रु.१०००|-(अक्षरेपी रुपैयाँ एकहजार मात्र। ) फिर्ता नहुने गरी नगदी रसिद काटी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयको राजस्व शाखाबाट खरिद वा आन्तरिक आम्दानी खाता नं. २८५०४०१००००००९, शाखा कार्यालय ग्लोबल आइएमई.बैंक, थबाङ, रोल्पामा जम्मा गर्न सकिनेछ । इ-दरभाउपत्र खरिद गर्नका लागि निवेदकले अद्यावधिक नविकरण गरिएको औषधि कारोबार सम्बन्धी औषधि व्यवस्था विभागबाट लिइएको इजाजत प्रमाण–पत्र, स्थायी लेखा नं., कर दाता प्रमाण–पत्र र आ.व. २०७९/८० को कर चुक्ता प्रमाण–पत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ।

२) खरिद गरेको दरभाउपत्र फाराम रित पूर्वक भरि प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र खोलिने दिन दरभाउपत्रदाताहरु अनुपस्थित रहेपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त विदाको भोली पल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४) दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा केरमेट नगरी दररेट स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ यदि केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ।

५) प्राप्त दर भाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रमा उल्लेख भएका औषधिका परिमाण कार्यालयको आवश्यकता अनुसार थप घट गर्न सकिनेछ।

६) दरभाउपत्रदाताले धरौटि वापतको रकम रु.५५०००|- (अक्षरेपी रुपैयाँ पचपन्नहजार मात्र ।) यस कार्यालयको ग्लोबल आइएमई. बैंक, शाखा कार्यालय, थबाङ, रोल्पामा रहेको धरौटी कोष खाता नं.:२८५०४०१००००००३ मा दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्न अन्तिम मितिले कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारि गरेको बैंक ग्यारेन्टी (बिड बन्ड) सक्कलै पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

७) यस कार्यालयबाट सम्बन्धीत फर्मको नाममा बिक्रि भएको दर भाउपत्र फाराम सम्पुर्ण रुपमा भरि नआएको तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (सार्वजनिक खरिद नियमावली तेह्रौं संशोधन-२०८० समेत) अनुसार रित नपुगेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

८) औषधी मु.अ.कर भ्याट छुट वस्तु भएकोले मु.अ.कर समावेश नगरिएको हुँदा मु.अ.कर बाहेकको मात्र दररेट भर्नु पर्नेछ।

९) दर भाउपत्र साथ विश्वसनिय कम्पनीका गुणस्तरयुक्त औषधी आफुले दिने औषधीको नाम, औषधी व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनुपर्नेछ।

१०) औषधी एकमुष्ट रुपमा उपलब्ध गराउनु पर्नेछ।

११) दरभाउपत्रदाताले औषधी दिँदा कार्यालयले निर्धारण गरेको समय भित्र बुझाउनु पर्नेछ।

१२) यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (सार्वजनिक खरिद नियमावली तेह्रौं संशोधन-२०८० समेत) वमोजिम हुनेछ।

१३) इ-सिलबन्दी दरभाउपत्र www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ।

१४) सूचना तथा प्रविधि शाखा थबाङ रोल्पाको सम्पर्क नं.९८४९८८६६५७ बाट थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

.................